# विषादी व्यवस्थापन सम्बन्धी निर्देशिका

२०७०


नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

बाली संरक्षण निर्देशनालय

**विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखा**

हरिहरभवन, ललितपुर, फोन : ५५४१६०१, ५०१०१११

**Website :** www.prmd.gov.np

# दुई शब्द

जीवनाशक विषादी ऐन २०४८ को दफा ७ बमोजिम र नेपाल सरकार (मन्त्रिपरिषद्को मिति २०६०।८।४) को निर्णय अनुसार कृषि विकास मन्त्रालयको पुर्नसंगठनबाट विषादी पञ्जिकरण एवं व्यवस्थापन सम्बन्धी कार्यहरू गर्नको लागि विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाको स्थापना भएको हो ।

सघन कृषि प्रणालीको लागि आवश्यक उच्च दरको उत्पादनको लागि रासायनिक मल र विषादी जस्ता सामाग्रीको प्रयोगबाट हुने वातावरणप्रतिको प्रतिकूल असर नेपालमा त्यति देखिएको छैन । तर कृषिको दीर्घकालिन योजना ९ब्एए० ले प्रस्ताव गरेको उच्च दरको उत्पादन सामग्रीको प्रयोगबाट हुनसक्ने प्रतिकूल प्रभाव तर्फ बेलैमा सचेत हुन र आवश्यकता अनुरूप रोक्न आवश्यक सोच नपुगेमा यसबाट वातावरणमा पर्नसक्ने प्रतिकूल असरलाई भने नजरअन्दाज गर्न सकिंदैन । वातावरणीय स्वच्छताको सवाललाई एकातिर आज हामीले अहम् महत्वका साथ आत्मसात गर्नुपरेको छ भने अर्कोतर्फ बाली विविधीकरण लगायतका आधुनिक कृषि प्रणाली अबलम्वन गरी बढ्दो खाद्यवस्तु मागको परिपूर्ति गर्नु परेको छ । तसर्थ, रासायनिक विषादीबाट उत्सर्जन हुने वातावरणीय समस्यामा सतर्कता अपनाई र गुणस्तरीय बाली उत्पादन र वातावरणीय स्वच्छताको नारालाई सार्थकता दिन सकियो भने भावी सन्ततीहरूले हामी माथि गर्व गर्नेछन् भन्ने अपेक्षा राख्नु असान्दर्भिक हुँदैन होला ।

विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाको संक्षिप्त परिचय, विषादी व्यवस्थापन निर्देशिका र विषादी सम्बन्धी अन्य कार्यहरूको समुल जानकारी दिने उद्देश्यले यस निर्देशिका तयार पारिएको छ । यस बाट सम्बन्धित सबै पक्षलाई विषादी व्यवस्थापन क्रियाकलापका वारेमा सुसूचित गराउन केही हदसम्म यस प्रकाशन सफल हुनेछ । यसमा देखिएका त्रुटीहरूलाई औंल्याई दिनु भै आगामी अंकमा सुधारको अपेक्ष राखेको छ यो पुस्तिका तयार पार्नमा अथक मेहनत गर्नुहुने बाली संरक्षण अधिकृत श्री वासुदेव शर्मा पोखे्रल तथा सम्पुर्ण कमचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**- अच्युतप्रसाद ढकाल**
विषादी रजिष्ट्रार

कार्तिक, २०७०

# विषय सूची


- परिचय....................................................१
- जीवनाशक विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापन....................................................१

  (क) जीवनाशक विषादीको विषालुपनाको तुलनात्मक वर्गीकरण ....................................................१

  (ख) जीवनाशक विषादीको सुरक्षित प्रयोग ....................................................१

  (ग) जीवनाशक विषादी व्यवस्थापन ....................................................२
- विषादी पञ्जिकरण (दर्ता) व्यवस्था र कार्यविधि....................................................४
  - विषादी पञ्जिकरणको लागि निवेदन दिनुपर्ने....................................................४
  - विषादी पञ्जिकरण गर्ने ....................................................४
  - विषादी पञ्जिकरणका लागि आवश्यक कागजातहरु ....................................................५
  - विषादी पञ्जिकरण गर्न इन्कार गर्न सक्ने ....................................................६
  - विषादीको पञ्जिकरण खारेज वा निलम्वन गर्न सक्ने ....................................................६
  - उजूर गर्ने....................................................६
  - विषादी पैठारीको विवरण पेश गर्नुपर्ने....................................................६
  - कन्टेनर र सूचक पत्रको स्वीकृती....................................................७
  - बिक्री वितरण गर्न नहुने ....................................................७
- विषादी खुद्रा विक्रेता, व्यवसायिक प्रयोगकर्ता, संश्लेषणकर्तालाई इजाजत पत्र दिने कार्यविधि........७
  - इजाजत लिनुपर्ने....................................................७
  - इजाजत पत्रको लागि निवेदन दिनुपर्ने....................................................८
  - विषादी खुद्रा बिक्रेता इजाजत पत्र....................................................८
  - इजाजत पत्र दिने कार्यविधि ....................................................८
  - विषादी खुद्रा विक्रेताले पालन गर्नुपर्ने शर्तहरु ....................................................९
- विषादी भण्डार....................................................९
- व्यवस्थापन प्रणाली....................................................१०
- विषादी छर्कने व्यवसायी इजाजत पत्र....................................................१२
- विषादी संश्लेषण इजाजत पत्र....................................................१२
- इजाजत पत्रको मान्यताको अवधि र नविकरण....................................................१३
- इजाजत पत्र रद्द गर्न सकिने....................................................१३
- विषादी पञ्जिकरण व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि....................................................१३

  (क) विषादी खुद्रा विक्रेता तालिम ....................................................१३

(ख) विषादी खुद्रा विक्रेता अनुगमन र तथ्यांक संकलन ....................१६
(ग) जिल्लास्तरीय विषादी व्यवस्थापन समन्वय समितिको वैठक ....................१८
(घ) विषादी सम्बन्धी ऐन, नियम र विषादी व्यवस्थापन जनचेतना कार्यक्रम ....................२०

- विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाको कार्यविधि नागरिक बडापत्र .................... २२
- नेपालमा प्रतिबन्धित विषादीहरुको सूची ....................२४
- विषादीको सुरक्षित प्रयोग तथा भण्डारण सम्बन्धी तालिम पाठ्यक्रम .................... २५
- अनुसूचीहरु
  - अनुसूची १ : Application form for Registration of Pesticide .................... २६
  - अनुसूची २ : विषादी खुद्रा विक्रेता इजाजत पत्रको लागि आवेदन पत्र ....................२८
  - अनुसूची ३ : विषादी छर्कने व्यवसायीको इजाजतपत्रका लागि आवेदन पत्र ....................२९
  - अनुसूची ४ : विषादी संश्लेषण गर्ने इजाजतपत्रका लागि आवेदन पत्रभ्चचयचज्ञ ब्ययफबचप लयत मभ

# विषादी व्यवस्थापन सम्बन्धी निर्देशिका

## परिचय :

यो निर्देशिकामा प्रस्तुत कार्यविधिको उद्देश्य नेपालमा व्यवसायिक रुपमा प्रयोग गरिने विषादीहरुको नियमानुसार पञ्जिकरण गराई प्रमाणपत्र दिने र विषादीको संश्लेषण (फर्मुलेसन), विक्रि, वितरण वा व्यवसायिक रुपमा प्रयोग गर्ने व्यक्तिहरुलाई इजाजतपत्र दिई विषादी व्यवस्थापन कार्यलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्नु हो ।

## जीवनाशक विषादीको सुरक्षित प्रयोग तथा व्यवस्थापन :

### (क) जीवनाशक विषादीको विषालुपनाको तुलनात्मक वर्गीकरण (विश्व स्वास्थ्य संगठन, २००९)

| समूह | मुसाको लागि मारक मात्रा ५० मि.ग्रा./के.जी. शारीरिक तौल | | | |
|---|---|---|---|---|
| | मौखिक | | त्वचा (छाला) सम्बन्धी | |
| | ठोस | तरल | ठोस | तरल |
| Ia अत्यन्तै खतरनाक (घातक) | ५ वा कम | २० वा कम | १० वा कम | ४० वा कम |
| Ib धेरै खतरनाक | ५-५० | २०-२०० | १०-१०० | ४०-४०० |
| II खतरनाक | ५०-५०० | २००-२००० | १००-१००० | ४००-४००० |
| III सामान्य खतरनाक | ५०० भन्दा माथि | २००० भन्दा माथि | १००० भन्दा माथि | ४००० भन्दा माथि |

(एल.डी. ५० को परिभाषा - विषादीको मात्रा जसले परीक्षण गरिएको जनावरको ५०% संख्यालाई मार्दछ)

### (ख) जीवनाशक विषादीको सुरक्षित प्रयोग :

विषादीको उचित रुपमा उपयोग नगरिएमा यसले उपयोगकर्ता, अरु मानिस, घर पालुवा पशुहरु, पशुधनहरु, वन्यजन्तुहरु र लाभकारी कीराहरुलाई समेत हानी पुऱ्याउनुको साथै वातावरणलाई पनि नोक्सान गर्दछ ।

१) सामान्य सिद्धान्त : (क) अनावश्यक रुपमा विषादी उपयोग नगर्नुहोस् । (ख) सम्भावित खतराबाट सावधान हुनुहोस् । (ग) विषादीको लेवल र अन्य पर्चाहरु पढनुहोस् । (घ) केटाकेटीहरुलाई विषादीबाट टाढा राख्नुहोस् ।

२) कीटनाशक विषादी उपयोग गर्नु अगाडी : (क) विषादी सुरक्षित ठाउँमा तालावन्दी गरेर राख्नुपर्छ । (ख) स्प्रेयर/डस्टर राम्रो अवस्थामा हुनुपर्छ । (ग) उपकरणलाई काम गर्नु अघि र काम सकिएपछि जाँच गर्नुपर्छ । (घ) कम घातक (प्रति किलोग्राम ५०१ मिलीग्राम भन्दा माथि एल.डी. ५० भएको) सुरक्षित विषादी प्रयोग गर्नुपर्छ ।

३) मिश्रण बनाउँदा र छर्दा : (क) सुरक्षात्मक पहिरन लगाउनु पर्दछ जस्तै : पूरा वाहुलाको कमीज, लामो पतलुङ्ग, जुत्ता वा वूट, चौडा किनारा भएको टोपी, हातमा रबरको पञ्जा, मास्क, कृत्रिम श्वास उपकरण आदि । (ख) चुरोट पिउन वा धुमपान गर्नु हुँदैन । (ग) विषादीको प्याकेटलाई सावधानीपूर्वक खोल्नुपर्छ । विषादी अन्य ठाउँमा फैलिन नपाओस् । (घ) हावाको वहाव कम भएको वेलामा छर्ने गर्नुपर्दछ । (ङ) बन्द भएको नोजललाई मुखले फुक्नु हुँदैन ।

४) जीवनाशक विषादी प्रयोग पश्चात : (क) विषादी प्रयोग गरेका कागजी पदार्थलाई एकान्तमा (सुरक्षित स्थानमा) जलाएर वा गाडेर नष्ट गर्नुपर्दछ । ( ख) प्रयोग गरिएको भाँडा कम्तिमा ३ पटक साबुन पानीले सफा गर्नुपर्दछ । ( ग) हातमुख राम्ररी साबुन पानीले धुनु पर्दछ । (घ) उपकरणलाई राम्ररी सफा गरेर राख्नुपर्दछ ।

**(ग) जीवनाशक विषादी व्यवस्थापन :**

१. विषादी आयात निर्यात तथा उत्पादनकर्ताका लागि : विषादी आयात, निर्यात, उत्पादन, प्रयोग वा किनवेचको लागि पञ्जिकरण हुनुपर्ने व्यवस्था जीवनाशक विषादी ऐन, २०४८ ले गरेको । यसर्थ विषादी आयात, निर्यात तथा उत्पादनकर्ताले आफुले आयात, निर्यात या उत्पादन गर्ने विषादी पञ्जिकरणको लागि आवेदन फर्ममा उल्लेखित सम्पूर्ण विवरण र कागजातहरु

संलग्न गरी विषादी पञ्जिकरण गराउन विषदी पञ्जिकरण तथा व्यवस्थापन शाखामा रितपूर्वक निवेदन दिनुपर्दछ ।

२. विषादी संश्लेषणकर्ता (Formulators) विक्रेता एवं व्यवसायीहरुको लागि : सूचित विषादीको संश्लेषण (फर्मुलेशन), विक्री वितरण तथा व्यवसायिक रुपमा प्रयोग गर्ने धनीले जीवनाशक विषादी समितिबाट नियमानुसार इजाजतपत्र लिनु पर्ने व्यवस्था जीवनाशक विषादी ऐन २०४८ ले गरेको छ । यस्ता सूचित विषादीहरुको सूची नेपाल राजपत्रमा प्रकाशित हुनेछ ।

उपरोक्त कुराहरुको विस्तृत जानकारीको लागि बाली विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखा, हरिहरभवन वा जिल्ला स्थित जिल्ला कृषि विकास कार्यालयमा सम्पर्क राख्न सकिन्छ ।

३. जीवनाशक विषादी ऐन, २०४८ को मुख्य मुख्य बुँदाहरु : विषादी समितिको गठन, समितिको वैठक र निर्णय, समितिको काम कर्तव्य र अधिकार, उपसमितिहरु गठन गर्न सक्ने, विषादी पञ्जिकरण (दर्ता) गर्ने निकायको स्थापना, विषादी पञ्जिकरण गर्ने निकायको काम कर्तव्य र अधिकारी, विषादी पञ्जिकरण गराई प्रमाणपत्र लिनु पर्ने , सूचित विषादी, सूचित विषादी वाहेक अन्य विषादीको प्रयोग गर्न नहुने, सूचित विषादीको संश्लेषण, विक्री वितरण वा व्यवसायिक रुपमा प्रयोग गर्ने व्यक्तिले इजाजत पत्र लिनुपर्ने , विषादी निरीक्षकको नियुक्ति, विषादी निरीक्षकको काम कर्तव्य र अधिकार, दण्ड सजायँ, मुद्दा सरकारवादी हुने, मुद्दाको तहकीकात, दायरी र नियम बनाउने अधिकारको व्यवस्था छ ।

४. जीवनाशक विषादी नियमावली २०५० को मुख्य मुख्य बुँदाहरु : विषादी पञ्जिकरणको लागि निवेदन दिनुपर्ने, विषादी पञ्जिकरण गर्ने, विषादी पञ्जिकरण गर्न इन्कार गर्न सक्ने, विषादीको पञ्जिकरण खारेज वा निलम्वन गर्न सक्ने, विषादी पैठारीको विवरण पेश गर्नुपर्ने, कन्टेनर र सूचक पत्रको स्वीकृति विना विक्री वितरण गर्नु नहुने, इजाजत पत्र लिनु पर्ने, इजाजत पत्रको लागि निवेदन दिनुपर्ने , विषादीको खुद्रा विक्रेतालाई इजाजत पत्र दिने, विषादी छर्कन व्यवसायीलाई इजाजतपत्र दिने, विषादी संश्लेषण गर्नेलाई इजाजतपत्र दिने, इजाजतपत्रको मान्यताको अवधि र नविकरण, इजाजतपत्र रद्द गर्न सकिने,

विषादी निरीक्षकलाई परिचय पत्र उपलब्ध गराउनु पर्ने, निरीक्षकको काम कर्तव्य र अधिकार, उपसमितिको काम कर्तव्य र अधिकार तथा वैठक सम्बन्धी कार्यविधि, निर्देशिका बनाई लागु गर्न व्यवस्था गरेको छ ।

## विषादी पञ्जिकरण (दर्ता) व्यवस्था र कार्यविधि :

**विषादी पञ्जिकरणको लागि निवेदन दिनुपर्ने :**

जीवनाशक विषादी नियमावली २०५० को प्रावधान बमोजिम कुनै विषादी आयात, निर्यात, उत्पादन वा व्यवसायिक प्रयोग गर्न चाहने व्यक्ति, संस्था वा निकायले त्यस्तो कार्य गर्नु अघि त्यस्तो विषादीलाई ऐनको दफा ९ बमोजिम पञ्जिकरण गराउनको लागि समितिले तोकिदिएको ढाँचामा पञ्जिकरण दस्तुर एक हजार रुपैया समेत संलग्न राखी पञ्जिकरण गर्न तोकिएको कार्यालय समक्ष निवेदन (अनुसूची १) दिनुपर्नेछ ।

**विषादी पञ्जिकरण गर्ने :**

(क) विषादी पञ्जिकरण गराउनको लागि कुनै निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्तो विषादीबाट मानिस वा पशुपंक्षीलाई वा पर्यावरणमा पर्ने असरलाई ध्यानमा राखी बिना कुनै शर्त वा शर्तसहित पञ्जिकरण गरी निवेदकलाई समितिले तोकि दिएको ढाँचामा विषादी पञ्जिकरणको प्रमाणपत्र दिने छ ।

(ख) विषादी पञ्जिकरण प्रमाणपत्रको मान्यता अवधि ५ वर्ष हुनेछ ।

(ग) कार्यालयले विषादी पञ्जिकरण गर्ने सम्बन्धमा निवेदकहरुसँग मागेको विषादीसँग सम्बन्धित प्राविधिक जानकारी तथा तथ्याङ्कहरु प्राप्त नहुन्जेलसम्म विषादी पञ्जिकरण गर्ने छैन । अतः विषादी पञ्जिकरणको सम्बन्धमा कार्यालयले मागेको विषादी सम्बन्धी आवश्यक प्राविधिक तथा अन्य जानकारी समेत निवेदनले उपलब्ध गराउनु पर्नेछ। विषादी पञ्जिकरणको आवेदन फाराम भर्दा खुलाउनु पर्ने कुराहरु तल दिइएको छ ।

**विषादी पञ्जिकरणका लागि आवश्यक कागजातहरु :**

जीवनाशक विषादी ऐनको दफा ९ र जीवनाशक नियमावलीको नियम ३ को उप-नियम (१) र (२) अनुसार कुनै व्यक्ति, संस्था वा निकायले आयात, निर्यात, उत्पादन वा किनबेच गर्ने विषादी पञ्जिकरण गराई प्रमाण पत्र लिनका लागि विषादी पञ्जिकरण कार्यालयमा निवेदन दिंदा तपशिलमा उल्लेखित जानकारीयुक्त कागजपत्रहरु निवेदन साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१. विषादी पञ्जिकरणका लागि समितिले तोकिदिएको ढाँचामा रु. १० को टिकट सहितको निवेदन । (Application Form for Registration of Pesticide with 10 Rupees Ticket)
२. पञ्जिकरण दस्तुर रु. १०००/– (Registration Fee Rs. 1000/-)
३. विषादीको आयात तथा बिक्रि बितरण गर्नका लागि कम्पनीले दिएको आधिकारिक वितरक पत्र । (Letter of Authorization)
४. नेपालमा उक्त विषादीको प्रयोग आवश्यक छ भन्ने पुष्ट्याई । (Statement of the need to use in Nepal)
५. संक्षिप्त रुपमा विषादीको प्रयोग विधि खुलेको कागजपत्र । (Summary of Intended Use Pattern)
६. वातावरणमा विषादीको बिषालुपना सम्बन्धी विवरण । (Ecotoxicological Data)
७. विषादीको प्रभावकारिता सम्बन्धी विवरण । (Efficacy Data)
८. विषादीको अवशेष बिश्लेषण विवरण । (Residue Analysis)
९. भारत वा तेश्रो मुलुकमा विषादी पञ्जिकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि । (Copies of Foreign Registration Certificate)
१०. विषादी आयात/उत्पादन वा किनबेच गर्दा प्रयोग गरिने सूचकपत्र - ३ प्रति । (3 Copies of the Original Label)
११. आयात गरिने विषादीको अनुमोदित सूचकपत्र । (Approved Labels)
१२. नेपालमा आयात गरिने विषादीको नेपाली भाषामा तयार गरिएको पर्चा । (Leaflets in Nepali Language)
१३. नेपालमा उत्पादन र संश्लेषण गरिने विषादीको नेपाली भाषामा तयार गरिएको सूचकपत्र र पर्चा । (Labels and Leaflets in Nepali Language)

**विषादी पञ्जिकरण गर्न इन्कार गर्न सक्ने :**

कुनै विषादी पञ्जिकरण गर्न निवेदन दिने निवेदकले नेपाल अधिराज्यमा त्यस्तो विषादीको उपयोगको आवश्यकता प्रमाणित गर्न नसकेमा वा कार्यालयको दृष्टिकोणमा त्यस्तो विषादीको उपयोगले मानिस वा पशुपंक्षीलाई वा वातावरणमा प्रतिकूल असर पर्ने सम्भावना देखेमा सो को कारण उल्लेख गरी कार्यालयले त्यस्तो विषादीको पञ्जिकरण गर्न इन्कार गर्न सक्नेछ। सम्बन्धित निकायले विषादी पञ्जिकरण गर्न इन्कार गरेको कारण सहितको सूचना निवेदकलाई दिइनेछ ।

**विषादीको पञ्जिकरण खारेज वा निलम्वन गर्न सक्ने :**

पञ्जिकरण भएको विषादीको निरन्तर प्रयोग अप्रभावकारी ठहरिएमा वा यस्तो विषादीको सामान्य प्रयोगबाट पनि मानिस वा पशुपंक्षीलाई वा वातावरणमा प्रतिकूल असर पर्ने सम्भावना भएमा समितिले जुनसुकै समयमा पनि यस्तो विषादीको पञ्जिकरण खारेज गर्न वा कुनै खास खास समय सम्मको लागि निलम्बन गर्न सक्नेछ। यसरी खारेज वा निलम्बन गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

**उजूर गर्ने :**

कुनै विषादी पञ्जिकरण गर्न इन्कार गरेको सूचना प्राप्त गर्ने निवेदकले त्यस्तो निर्णयको पूनरावलोकन गर्न समिति समक्ष लिखित रुपमा निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनको सम्बन्धमा विषादी समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**विषादी पैठारीको विवरण पेश गर्नुपर्ने :**

- विषादी पैठारी गर्न इजाजत प्राप्त प्रत्येक व्यक्ति, संस्था वा निकायले एक आर्थिक वर्षमा पैठारी गरेको विषादी, त्यसको परिणाम र मूल्य समेत उल्लेख गरी समितिले तोकिदिएको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वा समितिले माग गरेमा सो भन्दा अगावै कार्यालय समक्ष विवरण पेश गर्नु पर्नेछ । यस प्रकारको विवरणबाट देशमा के कस्तो विषादी

कति परिमाणमा खपत भएको भन्ने वारेको जानकारी हासिल हुनेछ र प्राप्त हुने विवरणबाट भावी योजना तर्जुमा गर्न बढी सहयोग मिल्न जाने छ ।

- पैठारीकर्ताले विषादी पैठारीको विवरण नदिएमा यस्तो विषादीको पञ्जिकरण कार्यालयको सिफारिशमा समितिले रद्द गर्न सक्नेछ ।

**कन्टेनर र सूचक पत्रको स्वीकृती :**

(क) कुनैपनि विषादी बिक्री वितरण गर्न चाहने व्यक्ति, संस्था वा निकायले कन्टेनर र सूचकपत्रको स्वीकृतिको लागि कन्टेनर र सूचक पत्रको नमूना समेत संलग्न राखी समितिले तोकि दिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) कार्यालयले स्तर अनुरुप कन्टेनर भए नभएको र सूचक पत्रमा उल्लेख गरिनु पर्ने सबै कुरा उल्लेख भए नभएको यकिन गरी कन्टेनर र सूचक पत्र स्वीकृत गर्नेछ ।

**बिक्री वितरण गर्न नहुने :**

(क) बैज्ञानिक प्रयोग वा अनुसन्धानको प्रयोजनको लागि पैठारी गरिएको विषादी बिक्री वितरण गर्नु हुँदैन ।

(ख) कुनै पनि विषादी कार्यालयबाट स्वीकृत कन्टेनरमा नराखी बिक्री वितरण गर्नु हुँदैन ।

(ग) कुनै पनि विषादी कार्यालयबाट स्वीकृत सूचक पत्र नटाँसेको कन्टेनरमा राखी बिक्री वितरण गर्नु हुँदैन ।

## विषादी खुद्रा विक्रेता, व्यवसायिक प्रयोगकर्ता, संश्लेषणकर्तालाई इजाजत पत्र दिने कार्यविधि

**इजाजत लिनुपर्ने :**

वातावरण, जनस्वास्थ्य जस्तो सार्वजनिक चासो को विषयलाई सर्वोपरी हितमा राखी कुनै पनि व्यक्ति, संस्था वा निकायले विषादी बिक्री गर्न, संश्लेषण (Formulation) गर्न वा छर्कने व्यवसाय गर्न चाहेमा विषादी पञ्जिकरण कार्यालयबाट इजाजत पत्र लिनु पर्नेछ ।

**इजाजत पत्रको लागि निवेदन दिनुपर्ने :**

विषादी व्यवसायमा एकरुपता र सामाञ्जस्यता ल्याउने उद्देश्यले कुनै पनि व्यक्ति, संस्था वा निकायले इजाजत पत्र लिन चाहेमा समितिले तोकी दिएको ढाँचामा इजाजत पत्र दस्तुर ५००० रुपैंया समेत संलग्न राखी कार्यालय समक्ष निवेदन दिनुपर्नेछ । यसरी प्राप्त हुने इजाजत पत्र निम्नानुसार छन् ।

**विषादी खुद्रा बिक्रेता इजाजत पत्र :**

कुनै व्यक्ति, संस्था वा निकायले इजाजत पत्रकोलागि निवेदन (अनुसूची २) दिएमा निर्धारण गरेको मापदण्डको कार्यविधिको अधिनमा रही खुद्रा विक्रेतालाई इजाजत पत्र दिइनेछ ।

**इजाजत पत्र दिने कार्यविधि :**

इजाजत पत्र प्राप्त गर्न प्रत्येक पसलको कम्तिमा एकजना (पसल मालिक वा मेनेजर) ले अनिवार्य रुपमा निम्नलिखित काम गर्नुपर्ने हुन्छ ।

(क) जीवनाशक विषादी र विषादीबाट सुरक्षण र विषादी भण्डारण सम्बन्धी लेख, पुस्तिकाहरुमा दिईएको सामाग्री अध्ययन गर्नुपर्नेछ ।

(ख) विषादी सम्बन्धी सुरक्षण र भण्डारण विषयक परीक्षामा उतिर्ण हुनु पर्नेछ ।

(ग) विषादी रहेको भवनको निरीक्षण गर्न गराउन र परीक्षामा सामेल हुनको लागि सम्बन्धित जिल्ला कृषि विकास कार्यालयका बाली संरक्षण अधिकृत (विषादी निरीक्षक) समक्ष सम्पर्क गर्नु पर्नेछ ।

(घ) विषादी खुद्रा विक्रेताहरुसँग विषादी, त्यसको सुरक्षित प्रयोग र भण्डारण बारेमा स्वीकार योग्य स्तरको जानकारी छ भन्ने निधो गर्न विषादी समितिले जीवनाशक विषादी र तिनबाट सूरक्षण र जीवनाशक विषादी भण्डारण बारे जानकारीहरु सम्बन्धी बेग्ला वेग्लै पुस्तिकाहरुमा दिइएको जानकारीहरुको आधारमा परीक्षा लिने व्यवस्था रहेको छ ।

(ङ) परिक्षा उतिर्ण पश्चात विषादीको सुरक्षित भण्डारण तथा प्रयोग प्रमाणपत्र उपलव्ध गराइनेछ । त्यस पश्चात सम्बन्धित जिल्लाको जि.कृ.वि.का. मा कार्यरत विषादी निरीक्षक (बा.सं.अ.) द्वारा चेकलिष्ट (विषादी गोदाम/पसल

निरीक्षण प्रतिवेदन) भराई मापदण्ड वमोजिम प्राप्त चेकलिष्टको आधारमा विषादी खुद्रा विक्रेतालाई विषादी खुद्रा विक्रेता इजाजत पत्र प्रदान गरिनेछ ।

(च) विषादीको खुद्रा विक्रेताको इजाजत पत्रमा उल्लेख भएका शर्त र अवस्थाहरु पालन गर्नुपर्नेछ ।

**विषादी खुद्रा विक्रेताले पालन गर्नुपर्ने शर्तहरु :**

१. यो इजाजत पत्र स्विकृत भवन वा गोदाममा राख्नु पर्नेछ र जीवनाशक विषादी ऐन, २०४८ को दफा १३ वमोजिम नियुक्त विषादी निरीक्षक वा विषादी पञ्जिकरण कार्यालयद्वारा अधिकार प्रदत्त अन्य कुनै अधिकृतले खोजेमा उपलव्ध गराउनु पर्नेछ ।

२. तालिम प्राप्त वा कुशल स्टाफको परिवर्तन हुँदा सो को खवर विषादी पञ्जिकरण कार्यालयलाई अविलम्व उपलव्ध गराउनु पर्नेछ ।

३. जीवनाशक विषादी ऐनको दफा ११ बमोजिम सूचित विषादी वाहेक अन्य विषादी प्रयोग, आयात, निर्यात र उत्पादन गर्न नहुने । सार्वजनिक र जन चासोको विषयमा सर्वसाधरण सवैको जानकारीको लागि ऐनको दफा १० बमोजिम पञ्जिकृत विषादीको सूचि हरेक पसलमा अनिवार्य रुपमा राख्नु/टाँस गर्नु पर्ने हुन्छ ।

४. विषादी खुद्रा विक्रेताहरु कृषकहरु र अन्य प्रयोगकर्ताहरुसँग वरोवर सम्पर्कमा रहने गरेकोले, तिनीहरुसँग विषादी सम्बन्धी राय सल्लाह माग्ने गरिन्छ । सही सल्लाह दिनको लागि विषादी विक्रेता र तिनीहरुका काम गर्नेहरुमा विषादी, त्यसको प्रयोग, फाइदा, वेफाइदाहरु र कृषकहरुले सुरक्षित किसिमबाट यस्ता विषादी प्रयोग गर्न अपनाउनु पर्ने सावधानीहरु सम्बन्धी राम्रो जानकारी हुनुपर्दछ ।

## विषादी भण्डार :

भण्डार गर्ने सुविधाहरु उपयुक्त हुनुको साथ साथै, पसल अथवा गोदाम घरहरुमा पनि यिनीहरुलाई सुरक्षितपूर्वक राख्नु जरुरी छ । सामानको सुरक्षा तथा अन्य सामानहरुसित संमिश्रण र प्रदुषण हुन नदिन र ती ठाउँमा कार्यरत

कर्मचारी/कामदारहरुको स्वास्थको सुरक्षाको निमित्त यो कार्य अनिवार्य र महत्वपूर्ण छ ।

विषादी सुरक्षित भण्डार सम्बन्धमा निम्न तथ्यहरुमा ध्यान दिइनुपर्दछ ।

- विषादी वेचविखन र खाद्य पदार्थहरु विक्री हुने पसल एउटै हुनुहुन्न ।
- विषादी मल, वीउ तथा खेतीका अन्य उपकरणहरुबाट टाढा नै राखिनु पर्दछ र गन्ध तथा पोखिएका विषदीहरुबाट बचाउनु पर्दछ ।
- ज्यादै विषालु विषादीहरु पनि पसलमा उपलव्ध छन् भने यिनीहरुलाई मात्र विशेष रुपले ताला लगाउन हुने कपवोर्ड अथवा क्याविनेटहरुमा राखिनुपर्दछ । यदि पसलमा यस प्रकारको व्यवस्था मिलाउन नसकिने अवस्था छ भने, ग्राहक तथा केटाकेटीहरुले नभेट्ने गरी ताला लगाउनुपर्दछ ।
- विषादी चिसो तर सुख्खा र सुर्यको प्रकाश सिधै नपर्ने ठाउँमा राख्नुपर्दछ । ओसको कारणले काठवोर्ड कन्टेनरहरु विग्रन सक्छ तथा कुनै कुनै विषादी ओसको कारणले वेकम्मा पनि हुन सक्तछ ।
- न्यानो गरम अवस्थाहरुको कारणले पनि विषादी धेरै विग्रन सक्छ र सुर्यको प्रकाश विषादीहरुमा सिधै पर्नाले यिनीहरुमा टाँसेका लेवलको रंग उड्ने र पढन नसकिने हुनसक्छ ।

## व्यवस्थापन प्रणाली :

कुनै पनि विषादी सुरक्षा कार्यको सामान्य व्यवस्थापन प्रणाली एक अभिन्न अंग हो किनभने स्टोर तथा गोदाममा भएको विषादी वरावर चलाईरहनु पर्ने हुन्छ तथा यसबाट खतराहरु पनि बढी नै हुन्छन् ।

विषादी व्यवस्थापन कार्यक्रममा अपनाउनु पर्ने मुख्य क्षेत्रहरु निम्न अनुसार छन् :

- वट्टा अथवा विग्रेको भाडामा भएका विषादी कहिले पनि नबेच्ने अथवा वट्टामा टाँसेको लेवल च्यातिएमा रंग उडेको अथवा भिजेको भए यस्मा लेखिएको निर्देशिकाहरु पढ्न सकिन्न ।
- लेवल रहित भाडामा राखेर कहिले पनि नबेच्ने अथवा पेय पदार्थ राख्ने गरेको भाडा, खाद्य पदार्थ राख्ने गरेको भाडामा राखेर पनि नबेच्ने ।

- स्टकमा रहेका वोतलहरु अथवा पाकेटहरु फेरवदल गर्ने, धेरै समय अघि देखि स्टोरमा रहेका सामानहरुलाई तख्ताको अगाडी भागमा राख्ने र पहिले बेच्ने (First in & First out)। यो गर्ने गरेमा विषादीहरुको मिति नाघ्ने अथवा विषादी वेकम्मा हुने सम्भावना कम हुन्छ ।
- विषादीका पाकेटहरु तख्तामा राम्ररी मिलाएर राख्ने, त्यसमा भएका लेवलहरु देखिने गरी राख्नाले विषादी झिक्दा वा छनौट गर्दा गल्ती हुने सम्भावनाहरु कम हुन्छन् र विषादीहरुलाई चाँग मिलाएर पनि नराख्ने ।
- प्राप्त भएका सबै विषादी रेकर्ड कायम गर्ने, प्राप्त भएको मिति र वेचेको मिति उल्लेख गरी राख्ने ।
- आईपुगेका सबै विषादीका भाँडाहरु राम्ररी निरिक्षण गर्ने र कुनै भाँडो चुहिएको छ वा विर्को राम्ररी लागेको छ छैन र पाकेटहरु राम्ररी सील गरिएका छन्/छैनन् वारे समय समयमा जाँच गर्ने ।
- कुनै कुनै विषादी विशेष गरी अर्गानोफोस्फेट (Organophosphate) कीटनासक हरुको विशेष गन्ध हुन्छ र यी कीटनाशकहरु हावा अथवा प्याकेटबाट खुल्ला भएमा अथवा कुहिन थालेमा यस प्रकारको गन्ध आउने गर्दछ। यदि कुनै प्रकारको गन्ध पाईएमा राख्ने गरेको ठाउँको राम्ररी निरीक्षण गर्नुपर्दछ।
- भण्डार र पसललाई सफा सुग्घर राख्नपर्छ ।
- यदि कतै चुहिएको वा पोखिएको छ भने तुरुन्तै सफा गर्ने र त्यस ठाउँबाट प्रदुषण पैदा गर्न नदिने ।
- विषादीको पसल अथवा स्टोरमा काम गर्दा पुरा वाहुला भएको कमिज र सुरुवाल अथवा पाइन्ट पनि लामै हुनुपर्छ। यदि केहि गरी दुर्घटना परिहालेमा पनि विषादी पोखिएर छालासित सोझै सम्पर्कमा आउँदैन र प्रदुषण हुन पाउँदैन ।
- पसल अथवा स्टोरमा जहिले पनि एक दुई वाल्टिन पानीको प्रवन्ध मिलाई राख्नुपर्छ, केही गरी विषादीहरु पोखिए अथवा चुहिएमा र पञ्जा नलगाई पुछपाछ गरिएको छ भने यस्को कारणबाट दुषित भएको (छाला) भागलाई तुरुन्तै सफा गरिनु पर्दछ। यसो गरेमा विषादी सोसेको भएमा पनि कम हुन्छ र विषाक्त हुनबाट पनि बचाउँदछ।

- स्टोरमा एक वाल्टिन वालुवा वा सुख्खा धुलो तयार राख्नुपर्छ, यदि केहि गरी पोखिएमा यस्को सहायताबाट तुरुन्तै सफा गर्न सकिन्छ र अन्य भाडाहरुसित दुषित हुन सक्ने सम्भावना कम हुनुको साथै पसल अथवा स्टोरमा कार्यरत अन्य व्यक्तिहरुलाई विषाक्तताबाट बचाउँदछ ।
- दुर्घटनाको समयमा लगाउन सुरक्षात्मक कपडा सदैव तयार अवस्थामा हुनुपर्दछ । (जस्तै कम्तिमा दुई जोर PVC पंजाहरु, रवरको बुटहरु, प्लाष्टिकको एप्रोन र फेर्नको लागि एकजोर पुरा लुगा) । आपतकालिन अवस्थामा यदि उपर्युक्त कुनै पनि सामानहरु उपलव्ध हुन सकेन भने हात, पैतला छोप्नको लागि प्लाष्टिकका थैलीहरु प्रयोग गर्ने र खुट्टा बचाउनको लागि कम्मरमा वोरा कस्ने ।
- पोखेका विषादीहरु सफा गर्न सावेल, कुचो उपलव्ध हुनुपर्छ र पोखेको सफा गरेपछि राख्नको लागि एउटा ड्रम अथवा केही वाल्टिनहरु, वाक्लो प्लाष्टिकका थैलीहरु समेत उपयुक्त ठाउँमा राखी राख्नुपर्छ ।

## विषादी छर्कने व्यवसायी इजाजत पत्र :

(क) कुनै व्यक्ति, संस्था वा निकायले व्यावसायिक रुपमा विषादी छर्कनको लागि निवेदन (अनुसूची ३) दिएमा समितिले विषादी प्रयोगका सम्बन्धमा चेक लिष्टमा निर्धारण गरेको मापदण्डका अधिनमा रही तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी इजाजत पत्र दिन उपयुक्त देखेमा कार्यालयले तोकेको ढाँचामा विषादी छर्कने व्यवसायीको इजाजत पत्र दिन सक्नेछ ।

(ख) विषादी छर्कने व्यवसायीले इजाजत पत्रमा उल्लेख भएका शर्त र अवस्थाहरु पालन गर्नु पर्नेछ ।

## विषादी संश्लेषण इजाजत पत्र :

(क) कुनै व्यक्ति, संस्था वा निकायले विषादी संश्लेषण गर्न निवेदन (अनुसूची ४) दिएमा विषादी संश्लेषणका सम्बन्धमा चेक लिष्टमा निर्धारण गरेको मापदण्डको अधिनमा रही इजाजत पत्र दिन उपयुक्त देखेमा समितिले तोकेको ढाँचामा विषादी संश्लेषण कर्तालाई इजाजत पत्र दिन सकिने छ ।

(ख) विषादी संश्लेषणकर्ताले इजाजत पत्रमा उल्लेख भएका शर्त र अवस्थाहरु पालना गर्नुपर्दछ ।

## इजाजत पत्रको मान्यताको अवधि र नविकरण :

विषादी खुद्रा विक्रेताको इजाजतपत्र, विषादी छर्कने व्यावसायीको इजाजत पत्र र विषादी संश्लेषणकर्ताको इजाजत पत्रको मान्यता अवधि ३ वर्षको हुनेछ र नियमानुसार प्रदान गरिएको इजाजत पत्रको मान्यता अवधि समाप्त भएको मितिले ३५ दिन भित्र नविकरणका लागि जीवनाशक विषादी नियमावली २०५० (२०६४ संशोधन) को नियम १५ बमोजिम नविकरण गराउनु पर्दछ यदि यो थपिएको अवधिमा पनि नविकरण नगरिएमा इजाजत पत्र स्वतः बदर हुनेछ ।

## इजाजत पत्र रद्द गर्न सकिने :

विषादी समितिले इजाजत पत्र रद्द गर्न सक्नेछ, यदि,

(क) उपयोग गरिएको भवनमा भण्डारण र सुरक्षा सम्बन्धी प्रावधानहरु आवश्यकता अनुरुप नभएमा,

(ख) विषादीबाट सुरक्षण बारेमा स्तरयुक्त आवश्यक जानकारी राख्ने मध्ये कोही पनि नभएमा,

(ग) भण्डारणमा लेबुल नलगाएको वा पञ्जिकृत नगरेको विषादी भएमा,

(घ) विषादी सुरक्षण र पसल तथा गोदाम सञ्चालन विधि असुरक्षित भएमा,

(ङ) अपर्याप्त वा झुठो रेकर्ड भएको प्रमाणित भएमा

(च) विषादी व्यवसायिक प्रयोगकर्ता र विषादी संश्लेषणकर्ताले विषादी समितिले निर्धारण गरेको अनुरुप पुर्वाधार र अन्य कार्यहरु पुरा नभएमा ।

# विषादी पञ्जिकरण व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि

### (क) विषादी खुद्रा विक्रेता तालिम :

विषादी सम्बन्धी ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम विषादी खुद्रा विक्रेताले विषादीको सुरक्षण र भण्डारण विषयक तालिम पश्चातः लिइने परीक्षामा उत्तिर्ण हुनुपर्नेछ। यस प्रकारको विषादी व्यवस्थापन तालिमले विषादी खुद्रा

विक्रेताहरुको विषादी सम्बन्धी ज्ञानको स्तरमा अभिवृद्धि हुनुका साथै समय सापेक्ष अद्यावधिक हुने कुरामा विश्वास लिन सकिन्छ। कृषकहरु प्रायः खुद्रा विक्रेताको प्रत्यक्ष सम्पर्कमा रहने कारणले विषादी कारोबारमा संलग्न व्यक्ति, संस्था, निकायको विषादी सम्बन्धी प्रयाप्त ज्ञान मौजुद हुनु पर्ने देखिन्छ। यसबाट विषादीको न्यायोचित एवं प्रभावकारी प्रयोग भई वातावरण र जनस्वास्थ्यमा पर्ने असरलाई न्यून हुन प्रस्त सहयोग पुग्ने देखिन्छ।

**उद्देश्य :**

जीवनाशक विषादी ऐन र जीवनाशक विषादी नियमावलीको प्रावधान बमोजिम विषादी कारोबारमा संलग्न व्यक्तिहरुको विषादी सम्बन्धी ज्ञानको स्तर निर्धारण गर्ने।

**कार्य सञ्चालन कार्यविधि :**

- विषादीको उचित प्रयोग र जनमानस एवं कृषकहरुलाई भविष्यमा त्यसबाट पर्न सक्ने नकारात्मक असरबारे जनचेतना दिंदै जानुपर्ने यस अवस्थामा जिल्लाको औचित्य र आवश्यकता हेरि नियमानुसार विषादी खुद्रा विक्रेताको दरखास्त विषादी निरिक्षकले लिने। यसरी दरखास्त दिने खुद्रा विक्रेतालाई तालिममा समावेश गर्ने।
- तालिममा सहभागी संख्या २०-२५ जना हुनुपर्नेछ। यदि एक जिल्लामा सो भन्दा कम भएमा छिमेकी जिल्लाका विषादी खुद्रा विक्रेतालाई पनि समावेश गर्न सकिने छ।
- तालिम विषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखा र जि.कृ.वि.का.को संयुक्त तत्वावधानमा सञ्चालन हुने र सम्बन्धित जिल्लाको वा क्षेत्रीय बाली संरक्षण प्रयोगशालाको विषादी निरिक्षक तालिम संयोजक हुनेछ।
- विषादी सम्बन्धीका १२ वटा कक्षाहरु सञ्चालन हुने यस तालिमको अवधि ३ दिनको हुनेछ र तालिम पश्चात मात्र परीक्षा सञ्चालन गरिनेछ।
- तालिममा समावेश हुने विषादी खुद्रा विक्रेताहरुलाई तालिम भत्ताको व्यवस्था हुनेछैन।
- तालिमको पाठ्यक्रम समयानुसार परिमार्जन हुदै जानेछ।

- यस्तो तालिम विषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखाले क्षेत्रगत रुपमा विभिन्न जिल्लाहरुलाई समन्वय गरी गर्नु परेमा यसै कार्यविधि अनुसार सञ्चालन गर्न सक्नेछ ।

**कार्यक्रमको सम्भाव्य प्रतिफल :**

- विषादी विक्रेताहरुको विषादी सम्बन्धी ज्ञानमा अभिवृद्धि हुने,
- विषादी सम्बन्धी सुरक्षित भण्डारण प्रविधिमा सुधार आउने,
- विषादीको विष लाग्दाको लक्षण र प्राथमिक उपचारमा जानकारी उपलब्ध हुने,
- जीवनाशक विषादी ऐन तथा नियमावली बारे जनचेतना जागरण हुने,
- विषादीको सुरक्षित ढुवानी प्रविधि ज्ञानको जानकारी हुने र विषादीबाट कृषक स्तरमा हुने दुर्घटनाको उपचारीय तरिकाको वोध उपलब्ध हुने ।
- विषादीको सूचक पत्र (Label) बारे प्राविधिक ज्ञानको जानकारी हुने ।
- विषादकिो सुरक्षित प्रयोग र बैकल्पीक उपायहरुको बारेमा जानकारी प्राप्त हुने ।

**लक्षित वर्ग :**

विषादी खुद्रा विक्रेताहरु

**जिम्मेवार निकाय :**

जिल्ला कृषि विकास कार्यालय, क्षेत्रीय बाली संरक्षण प्रयोगशाला र विषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखा

**कार्य सञ्चालन गर्दा लाग्ने रकम :**

| | | |
|---|---|---|
| १ | प्रश्न पत्र (पूर्णाङ्क १००) तयार | रु. २००।- |
| २. | उत्तर पुस्तिका परीक्षण (२५ जनाको) रु. ८।- का दरले | रु. २००।- |

अन्य खर्च जिल्ला स्तरिय तालिमको नर्मस अनुसार हुने छ र सहभागीले कुनै भत्ता पाउने छैनन् ।

**कार्यक्रमको क्षेत्र विस्तार र सम्भाव्य प्रतिफल र दिगोपनाको सम्भाव्यता :**

विषादी प्रयोग एक सार्वजनिक चासोको विषय हो । विषादीको जथाभावी, अत्याधिक र अनियन्त्रित प्रयोगबाट जनस्वास्थ्य र वातावरणलाई प्रतिकूल असर पार्न सक्ने कुरा निश्चित छ। विषादीको प्रभावलेसम्पूर्ण पर्यावरण नै खलबलिने हुँदा विषादीको न्यायोचित विक्री वितरण र प्रयोगले अहंम् भूमिका लिएको हुन्छ। तसर्थ, विषादी प्रयोगमा प्रभावकारी र न्यायोचित गर्न गराउन विषादी व्यवसायमा संलग्न व्यक्ति, संघ संस्था र निकायलाई दीगो रुपमा ज्ञानको स्तरलाई समय सापेक्ष तुल्याउँदै लैजानु टड्कारो आवश्यकता छ। यो तालिम कार्यक्रमको भूमिका वातावरण र जनस्वास्थ्य संग प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सरोकार राख्ने भएकोले विषादी खुद्रा विक्रेता तालिमको दीगोपना रहने कुरामा दुइमत नहोला ।

(ख) **विषादी खुद्रा विक्रेता अनुगमन र तथ्यांक संकलन** :

हालको परिवर्तित विश्व सन्दर्भमा नेपालले पनि राष्ट्रिय एवं अर्न्तराष्ट्रिय मापदण्ड पुरा गर्न गर्नुपर्ने कारणले देशभित्र आयात र खपत हुने विषादीको तथ्यांक संकलन र अद्यावधिक गर्नुपर्ने जरुरी देखिन्छ। जिल्लाभित्र रहेका विषादी आयातकर्ता र खुद्रा विक्रेताबाट क्रमशः आयात र खपत विवरण संकलन गरी विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखामा पठाउनु पर्ने हुन्छ। जीवनाशक विषादी ऐन र नियमावलीलाई प्रभावकारीरुपमा लागु एवं कार्यान्वयन गर्न जिल्लाबाट प्रत्येक चौमासिकमा विषादी निरीक्षकबाट नियमित अनुगमन तथा निरीक्षण हुनुपर्ने हुन्छ ।

**उद्देश्य :**

- जीवनाशक विषादी ऐन, २०४८ र नियमावली २०५०(२०६४ पहिलो संशोधन) मा उल्लेख भएका प्रावधानहरु स्थलगत रुपमा कार्यान्वयन भए/नभएको अनुगमन हुने ।
- जिल्लाको विषादी सम्बन्धी आयत र खपत सम्बन्धी तथ्यांक संकलन हुने ।

**लक्षित वर्ग :**

विषादी खुद्रा विक्रेता

**कार्य सञ्चालन कार्यविधि :**

- जिल्लामा अवस्थित वातारणसँग सम्बन्धित निकाय, Pesticide Association of Nepal, जिल्लास्तरीय विषादी व्यवस्थापन समन्वय समितिको समन्वयमा जिल्लास्तरीय अनुगमन सुपरिवेक्षण कार्यक्रम गर्ने ।
- जिल्लाभरी रहेका विषादी खुद्रा विक्रेताहरुको पसलहरुमा प्रत्यक्ष सम्पर्क गरी विषादी पञ्जिकरण तथा ब्यवसथापन शाखाले उपलव्ध गराएको विवरण अनुसारको तथ्यांक संकलन गर्ने ।
- अनुगमन निरीक्षण कम्तीमा प्रत्येक चौमासिकमा १/१पटक र तथ्यांक वर्षको एक पटक लिनु पर्ने छ। तोकिदिएको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वा माग गरेमा सो भन्दा अगावै विषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखा समक्ष विवरण पेश गर्नुपर्नेछ ।

**जिम्मेवार निकाय :**

विषादी पञ्जिकराण तथा ब्यवस्थापन शाखा र जिल्ला कृषि विकास कार्यालय

**कार्य सञ्चालन गर्दा लाग्ने अनुमानित रकम :**

अनुगमन निरिक्षण र तथ्यांक संकलन गर्दा लाग्ने रकम नियमानुसार जिल्लाको आवश्यकता अनुसार प्रस्ताव गर्ने ।

**सम्भावित प्रतिफल :**

जीवनाशक विषादी ऐन र नियमावलीको विषादी व्यवस्थापन सम्बन्धी प्रावधानहरुवारे जानकारी हुने ।

- विषादीको गुणस्तर नियन्त्रित गर्ने गराउने मा सहयोग पुग्ने ।
- विषादीको गुणस्तर निर्धारण हुने ।
- विषादी खुद्रा विक्रेता र सरकारी क्षेत्र वीच समन्वय कायम हुने ।
- निषेधित र प्रतिवन्धित विषादीको समेत अनुगमन हुने ।
- विषादीको आयात र खपतको तथ्यांक विवरण संकलन हुने ।

**कार्यक्रमको क्षेत्र विस्तार र दिगोपनाको सम्भाव्यता :**

जीवनाशक विषादी ऐन नियम अनुसार जिल्लामा विषादीको समुचित व्यवस्थापनमा सघाउ पुग्न जाने हुँदा यसप्रकारको कार्यक्रमबाट व्यवस्थापनमा स्थायीत्व प्राप्त भई निश्चित दिशावोध हुनेछ ।

(ग) **जिल्लास्तरीय विषादी व्यवस्थापन समन्वय समितिको वैठक :**

जीवनाशक विषादी ऐन र नियमावलीको प्रावधान अनुसार जिल्लास्तरीय विषादी व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गर्ने र विषादी समिति, उप-समिति र विषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखाको निती निर्देशनहरु कार्यान्वयन गराउने काममा समन्वय गर्ने उद्देश्यले नेपाल सरकारको (मन्त्रीस्तरीय) मिति २०५५।३।१४ को निर्णय अनुसार समिति गठन भएको छ ।

**समन्वय समितिको गठन :**

| | | |
|---|---|---|
| १. वरिष्ठ कृषि विकास अधिकृत | - | अध्यक्ष |
| २. अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - | सदस्य |
| ३. जिल्ला सरकारी वकिल | - | सदस्य |
| ४. प्रतिनिधि जिल्ला विकास समिति | - | सदस्य |
| ५. पेष्टिसाइड एसोसिएसनले मनोनित गरेको विषादी खुद्रा विक्रेता | - | सदस्य |
| ६. गैर सरकारी संस्था महासंघले मनोनित गरेको जिल्ला स्थित कृषि वा वातावरण सम्बन्धी गैर सरकारीसंस्थाको अधिकृत प्रतिनिधि | - | सदस्य |
| ७. अधिकृत प्रतिनिधि जिल्ला स्वास्थ्य कार्यालय | - | सदस्य |
| ८. विषादी निरीक्षक | - | सदस्य सचिव |

**उद्देश्य :**

सम्पूर्ण विषादी व्यवसायिहरु र प्रयोग कर्तालाई जीवनाशक विषादी ऐन नियमको पालना गर्ने तर्फ उन्मूख गराउने

**लक्षित वर्ग :**

आयातकर्ता, संश्लेषणकर्ता, उत्पादनकर्ता, व्यवसायिक प्रयोगकर्ता, विषादी खुद्रा विक्रेता र प्रयोगकर्ता ।

**कार्य सञ्चालन कार्यविधि :**

- विषादीको व्यवस्थापनमा जिल्लामा निश्चित मार्गदर्शन दिन आवश्यकतानुसार समितिको वैठक वस्नुपर्नेछ । उक्त वैठकमा छलफल हुने Agenda जिल्लाको समस्यामा आधारित हुनुपर्नेछ ।
- वैठकमा पारित भएका सुझावहरु : क्षे.कृ.नि., क्षे.बा.सं.प्र. र विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखामा पठाउनु पर्नेछ ।
- सम्भव भएसम्म प्रत्येक चौमासिकमा १/१ वटा वैठकको लक्ष्य प्रस्ताव गर्ने ।
- वैठक सम्बन्धी आन्तरिक कार्यविधि जिल्लास्तरीय विषादी व्यवस्थापन समन्वय समितिले निर्धारण गर्नेछ ।

**जिम्मेवार निकाय :**

जिल्ला कृषि विकास कार्यालय

**कार्य सञ्चालन गर्दा लाग्ने अनुमानित रकम :**

बैठक वस्दा नियमअनुसार लाग्ने रकम प्रस्ताव गर्ने ।

**सम्भावित प्रतिफल :**

जिल्लाभित्र रहेका विषादी सम्बन्धी कारोवार गर्ने निकायहरुले जीवनाशक विषादी ऐन र नियमानुसार कार्य गरे नगरेको कार्य हेर्ने र यसले विषादी निरीक्षकलाई समेत थप वल पुग्नेछ। यसबाट देशमा पञ्जिकृत विषादीको मात्र कारोवार हुनेछ । जिल्लामा विषादी प्रयोगको स्थिति आंकलन समेत हुने छ ।

**कार्यक्रमको क्षेत्र विस्तार र दिगोपनाको सम्भाव्यता :**

विषादी व्यवस्थापन सम्बन्धी जिल्लास्तरिय समस्यामा आधारित कार्यनीति तयार हुने र यसबाट जीवनाशक विषादी ऐन र नियमावली वमोजिम जिल्लाको विषादी व्यवस्थापन कार्यमा प्रभावकारिता आउने छ ।

(घ) **विषादी सम्बन्धी ऐन, नियम र विषादी व्यवस्थापन जनचेतना कार्यक्रम :**

जीवनाशक विषादी ऐन, नियमावली र विषादी व्यवस्थापन जनस्तरमा जनचेतना जागरण गर्नुपर्ने आजको समयको माग रहेको छ। यसै भावनालाई जनस्तरमा प्रचार प्रसार गर्न जिल्लाको कार्यक्रममा विभिन्न प्रचार प्रसार माध्यम प्रयोग गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ ।

**उद्देश्य :**

जनस्तरमा विषादी ऐन, नियम र विषादी व्यवस्थापन सम्बन्धी जनचेतना उजागर गर्ने ।

**लक्षित वर्ग :**

विषादी सम्बन्धी सम्वद्ध निकाय/व्यक्ति, संघ, संस्था

**कार्य सञ्चालन कार्यविधि :**

- जिल्लामा रहेका वातावरण सम्बन्धी सरोकार भएका सरकारी/गैर सरकारी संघ/संस्थासँग समन्वय कायम गरी चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ ।
- जिल्लाको आवश्यकता अनुसार भेला, मेला, गोष्ठी, पोष्टर, पम्प्लेट, रेडियो, टेलिभिजन, पत्रपत्रिका आदि जस्ता जनचेतना जगाउने कार्यक्रम व्यापक रुपमा सञ्चालन गर्नुपर्ने हुन्छ ।
- व्यवस्थापनमा जनचेतना जगाउने यस्ता कार्यक्रमको रेकर्ड/अभिलेख अद्यावधिक गरी राख्नुपर्नेछ र सो को जानकारी क्षे.कृ.नि., क्षे.वा.सं.प्र. र बाली संरक्षण निर्देशनालय/विषादी पञ्जिकरणतथा ब्यवस्थापन शाखामा नियमित रुपमा पठाउनुपर्नेछ ।

**जिम्मेवार निकाय :**

जिल्ला कृषि विकास कार्यालय

**कार्य सञ्चालन गर्दा लाग्ने अनुमानित रकम :**

जनचेतना जगाउने कार्यक्रमको प्रकृति अनुसार रकम प्रस्तावित गर्नुपर्नेछ ।

**सम्भावित प्रतिफल :**

यस कार्यक्रमबाट निम्नानुसार प्रतिफल प्राप्त हुनेछन् ।

- विषादी पञ्जिकरण कार्यविधिवारे सम्बन्धित व्यक्ति संस्थाहरुलाई जानकारी हुने ।
- पञ्जिकृत विषादीको विवरणात्मक सूचीको जानकारी हुने ।
- विषादी खुद्रा विक्रेताको इजाजतपत्र दिन सहयोग पुग्ने ।
- विषादी छर्कने व्यवसायीलाई इजाजतपत्र दिन सहयोग पुग्ने ।
- विषादी संश्लेषण गर्नेलाई इजाजतपत्र दिन सहयोग पुग्ने ।
- प्रतिबन्धित विषादीको सूचीको जानकारी हुने ।
- विषादीको वातावरण प्रति नकारात्मक प्रभावको जानकारी हुने ।

**कार्यक्रमको क्षेत्र विस्तार र दिगोपनाको सम्भाव्यता :**

जीवनाशक विषादी ऐन र नियमावलीमा उल्लेखित विषादी व्यवस्थापन सम्बन्धी कार्यविधिको जानकारी जनस्तरमा सम्ममा जनचेतना जागरण भै विषादी व्यवस्थापन कार्यक्रममा दिगोरुपमा सहयोग पुग्नेछ ।

# विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाको कार्यविधि

## नागरिक बडापत्र

| क्र. सं. | प्रदान गरिने सेवा/कामको विवरण | सेवाग्राही | जिम्मेवार कार्यालय प्रमुख | जिम्मेवार अधिकृत | पेश गर्ने कर्मचारी हरु | पेश गर्नुपर्ने कागजातहरु | सेवाको लागि लाग्ने समय | लाग्ने दस्तुर (रु.) | नोडल अधिकृत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | विषादी पञ्जिकरण गरी पञ्जिकरण प्रमाण-पत्र दिने | विषादी आयातकर्ता, निर्यातकर्ता | विषादी रजिष्ट्रार | बाली संरक्षण अधिकृत | प्राविधिक सहायक/ ना.प्रा.स. | Application form for Registration of Pesticides मा उल्लेखित सम्पूर्ण Attachments (कागजातहरु) | दरखास्त छानविन - १५ दिन<br>प्राविधिक वैठक - १५ दिन<br>स्वीकृत - ५ दिन<br>प्राविधिक उप-समिति समक्ष पेश गर्नुपर्ने भएमा बढी समय लाग्न सक्ने । | १००० | बाली संरक्षण अधिकृत | |
| २. | विषादी खुद्रा विक्रेतालाई इजाजतपत्र दिने । | विषादी खुद्रा विक्री गर्ने व्यक्ति, संस्था वा निकायहरु ( विषादी विक्रेताहरु) | ,, | ,, | ,, | आवेदन फाराम, विषादी पसल वा गोदाम निरीक्षण प्रतिवेदन (Check List), नेपाली नागरिकताको प्रमाणिता प्रतिलिपी, विषादी सुरक्षित प्रयोग तथा भण्डार सम्बन्धी तालिम र परीक्षा उत्तीर्ण प्रमाणपत्र | रितपूर्वक आवेदन प्राप्त भएको १५ दिन भित्र इजाजत पत्र दिन उपयुक्त देखिएमा | ५०० | ,, | सम्बन्धित जिकृविका बाट सिफारिश भई आउनु पर्ने । |

| क्र. सं. | प्रदान गरिने सेवा/कामको विवरण | सेवाग्राही | जिम्मेवार कार्यालय प्रमुख | जिम्मेवार अधिकृत | पेश गर्ने कर्मचारी हरु | पेश गर्नुपर्ने कागजातहरु | सेवाको लागि लाग्ने समय | लाग्ने दस्तुर (रु.) | नोडल अधिकृत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | विषादी छर्कने व्यवसायी लाई इजाजत-पत्र दिने । | विषादी छर्कने व्यवसायमा संलग्न हुने व्यक्ति, संस्था वा निकायहरु | ,, | ,, | ,, | नेपाल ा सरकारको सम्बन्धित निकायमा कम्पनीदर्ता प्रमाणपत्र मू.अ.कर/आयकर दर्ता प्रमाणपत्र कम्पनी विवरण (Company Profile) अनुभव, विषादी प्रयोग गर्ने दक्ष जनशक्ति विवरण, व्यवसायिक कामको अनुभव, विषादी सम्बन्धी ज्ञान/तालीम साक्षर जनशक्ति | रितपूर्वक आवेदन प्राप्त भएको ३० दिन भित्र इजाजत पत्र दिन उपयुक्त देखिएमा | ५००० | ,, | |
| ४. | विषादी संश्लेषण र उत्पादन गर्नेलाई इजाजत पत्र दिने । | विषादी संश्लेषण उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायहरु | ,, | ,, | ,, | नेपाल सरकारको सम्बन्धित निकायमा कम्पनीदर्ता भएको प्रमाणपत्र, मू.अ.कर /आयकर दर्ता प्रमाणपत्र, कम्पनीको विवरण, दक्ष जनशक्ति विवरण (तालिम समेत), स्वीकृत प्रारम्भिक वातावरणिय परीक्षण (IEE) र वातावरणीय प्रभाव मुल्यांकन (EIA) प्रतिवेदन | प्रक्रिया पुऱ्याई निवदेन प्राप्त भएमा इजाजत पत्र दिन उपर्युक्त देखिएमा ४५ दिन भित्र । | १०००० | ,, | |
| ५. | विषादीको विषयमा जान-कारीहरु उपलब्ध गराउने तथा प्रकाशनहरु वितरण गर्ने । | नीति निर्माता, अनुसन्धानकर्ता विद्यार्थी,प्राविधिकहरु, पुस्तकालय एवं सम्बन्धित विषयमा चासो राख्ने व्यक्ती, संस्था र निकाय | ,, | बाली संरक्षण अधिकृत | प्रा.स./ ना.प्रा.स. हरु | औपचारिक मागपत्र परिचय पत्र | तुरुन्तै | निशुल्क | ,, | |

## नेपालमा प्रतिबन्धित विषादीहरुको सूची

| क्र.सं. | विषादीको नाम | प्रतिबन्धित गरिएको मिति | कैफियत |
|---|---|---|---|
| १ | क्लोरडेन | २००१ | परसिस्टेण्ट अर्गानिक पोलुट्याण्ट पेष्टिसाईड |
| २ | डि.डि.टि. | २००१ | परसिस्टेण्ट अर्गानिक पोलुट्याण्ट पेष्टिसाईड |
| ३ | डाईएल्ड्रिन | २००१ | परसिस्टेण्ट अर्गानिक पोलुट्याण्ट पेष्टिसाईड |
| ४ | एन्ड्रिन | २००१ | परसिस्टेण्ट अर्गानिक पोलुट्याण्ट पेष्टिसाईड |
| ५ | अल्ड्रिन | २००१ | परसिस्टेण्ट अर्गानिक पोलुट्याण्ट पेष्टिसाईड |
| ६ | हेप्टाक्लोर | २००१ | परसिस्टेण्ट अर्गानिक पोलुट्याण्ट पेष्टिसाईड |
| ७ | मिरेक्स | २००१ | परसिस्टेण्ट अर्गानिक पोलुट्याण्ट पेष्टिसाईड |
| ८ | टोक्साफेन | २००१ | परसिस्टेण्ट अर्गानिक पोलुट्याण्ट पेष्टिसाईड |
| ९ | बि.एच.सी. | २००१ | |
| १० | लिन्डेन | २००१ | |
| ११ | फस्फामिडन | २००१ | |
| १२ | अर्गानो मरकरी फङ्गिसाइडस् | २००१ | |
| १३ | मिथाईल पाराथियन | २००७ | |
| १४ | मोनोक्रोटोफस | २००७ | |
| १५ | ईण्डोसल्फान | २०१२ | मिति २०६९।०७।२० देखि आयातमा प्रतिबन्धित र प्रतिवन्धित भएको मितिले २ वर्ष पछि प्रयोग तथा विक्री वितरणमा समेत प्रतिबन्ध गरिएको । |

# विषादीको सुरक्षित प्रयोग तथा भण्डारण सम्बन्धी तालिम पाठ्यक्रम

## अवधि : ३ दिने तालिम

| मिति | समय | विषय | प्रशिक्षक |
|---|---|---|---|
| पहिलो दिन | १०.००- ११.३० | **नाम दर्ता, उदघाटन एवं तालिम व्यवस्था बारे विविध जानकारी** | विषादीको सुरक्षित प्रयोग तथा भण्डारण सम्बन्धि तालिमको नमूना तालिका |
| | ११.३०-१२.४५ | विषादीको परिचय , आवश्यकता तथा बाली संरक्षणमा यसको महत्व । | |
| | १२.४५-२ .०० | जीवनाशक विषादीको वर्गिकरण तथा तिनका प्रकार । | |
| | २.००- २:३० | चिया समय | |
| | २.३०-३.४५ | जीवनाशक विषादीको विषालुपन LD-50 ADI वारे जानकारी | |
| | ३.४५-५.०० | कृषक स्तरमा कीटनाशक विषादीको भण्डारण, ढुवानी आदी । | |
| दोस्रो दिन | १०.००- ११.३० | अघिल्लो दिनको सिंहावलोकन | |
| | ११.३०-१२.४५ | जीवनाशक विषादीको शंश्लेषण (Formulation) | |
| | १२.४५-२ .०० | जीवनाशक विषादी ऐन, २०४८ र नियमावली, २०५० (संसोधन २०६४ समेत) वारे जानकारी | |
| | २.००- २:३० | चिया समय | |
| | २.३०-३.४५ | आई. पि. एम. तथा विषादीको म्याद भुक्तान हुने अवधि (Waiting Period) | |
| | ३.४५-५.०० | विषादी वातावरण तथा मानव स्वास्थ्यमा विषादीको दिर्घकालीन असर | |
| तेस्रो दिन | १०.००- ११.३० | जीवनाशक विषादीका लेबुल, त्यसमा भएका विद्यमान ब्यवस्थाहरु । | |
| | ११.३०-१२.४५ | बजारमा पाईने विषादीहरुको सामान्य नाम तथा ब्यापारिक नाम बारे जानकारी | |
| | १२.४५-२ .०० | विषादी खुद्रा विक्रेता योजना (नयाँ ईजाजत पत्र तथा नविकरण समेतका ब्यवस्था), पसल तथा गोदामका मापदण्ड आदि | |
| | २.००- २:३० | चिया समय | |
| | २.३०-३.४५ | जीवनाशक विषादीबाट सुरक्षणबारे परिचय विष लागेको लक्षणहरु र प्राथमिक उपचार | |
| | ३.४५-५.०० | परिक्षा सञ्चालन | |

अनुसूची १

# Application form for Registration of Pesticide

| Post stamp Rs. 10 |
|---|

To,

***Pesticide Registrar***
**Pesticide Registration and Management Division**
Hariharbhawan, Lalitpur
Nepal

*I hereby submit this application for the Registration of the pesticide for the objective as specified below. I agree to abide by the rules and regulations framed under the Pesticide Act 1991 and the Pesticide Rules 1993. I agree that any contravention to Act and Regulations shall be subject to penalty.*

**1. Name and Address of Applicant:**

Name: ...................................................................................................................
VDC/Municipality: ... ... ... ... ... ... ... Ward No: ... ... ... ... ... ... District: ............................
Telephone: ... ... ... ... ... ... ... ... ... ... ... ... Fax: ........................................................................
Postal Address : ... ... ... ... ... ... ... Telephone & Fax : ........................................................

**2. Objective of Registration (Tick whichever applies) :**

| | | | | |
|---|---|---|---|---|
| Import | () | Production | () | Formulation () |
| Research purpose | () | Export | () | |
| Private Use | () | Sale | () | |

Other (Specify) ..............................................................................................................
**a. Common/technical Name :** ........................................................................................
**b. Trade Name :** ..............................................................................................................

**4. Chemical Name** (Including empirical formula and molecular weight[1]) : ……………………..

**5. Pure Active Ingredient :**

5.1 Melting Point : ..............................................................................................
5.2 Boiling Point : ...............................................................................................
5.3 Density[2] : ....................................................................................................
5.4 Solubility[3] : ................................................................................................
5.5 Active ingredient contents (g/L or g/kg) :
Minimum : .........................................................................................................
Maximum : ........................................................................................................
5.6 Name and address of Manufacture and addresses where manufactured : ................

**6. Formulated Product :**

5.7 Formulator's name and address : ......................................................................
5.8 Type of formulation : .........................................................................................
6.1 Use category (Tick whichever applies)

| | | | |
|---|---|---|---|
| Herbicide | () | Insecticide | () |

---

1 Chemical name should be provided according to internationally agreed nomenclature, preferably IUPAC (International Union of Pure and Applied Chemistry).

2 For Liquid only.

3 Solubility in water and organic solvents with a temperature range of $20\text{-}25^{0}$ C.

Fungicide () Rodenticide ()
Other (Specify) : ...........................................................................................
6.2 Content of technical active ingredient(s) (g/kg or g/L)[4] : ...........................................
6.3 Physical/ Chemical properties of formulated products :
Color : ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... Odor : ..................................................
Density[2] : ...........................................................................................
Flammability[5] : ...........................................................................................

**7. $LD_{50}$ of the active ingredient[6] : ..........................................................................**

**8. Antidote : ...........................................................................................................**

**9. Container[7] :**

9.1 Type : ...........................................................................................................
9.2 Size : ...........................................................................................................

**10. WHO Classification (Indicate which applies) :**

Ia. Extremely hazardous () Ib. Highly Hazardous .............................()
II. Moderately hazardous () III. Slightly hazardous ...........................()
IV. Non-hazardous ()

**11. Storage of pesticide[8]: ..........................................................................................**

**12. Attachments' :**

12.1 Evidence (s) of foreign registration certificate (s).
12.2 Three copies of original label of pesticide (s) to be registered.
12.3 Authorized dealership.
12.4 Efficacy data[9].
12.5 Residue analysis[10].
12.6 Ecotoxicological data[11].
12.7 Summary of intended use pattern and need in Nepal.
12.8 Labels and leaflets in Nepali language (Domestic Formulator and Producer only)
12.9 Leaflets in Nepali language (Importers only)

| ______________________ | ____________ | ________________ | _______________ |
|---|---|---|---|
| (Signature of Applicant) | (Date) | (Designation) | (Office Stamp) |

---

4 If there are more than one active ingredients, information on each should be given.
5 Describe whether the product is flammable or not.
6 Lethal dose of the pesticides (Data transferable).
7 Describe pesticide container material and size.
8 Describe the storage facility, where and how you are going to store the pesticides.
9 Registration authority will assess the efficacy and crop safety of new pesticides in order to evaluate the benefits to be obtained from their use. The efficacy data, if not available from local trails, could be shared from other countries or regions with similar climatic and agricultural conditions. The efficacy data, in general, should contain evidence of performance of a standard pesticide with a comparable mode of action, which has been included in the trials alongside the material under test.
10 The use of pesticides may leave residues in agro-food so residue data are for setting maximum residue limit. Residue data, if not available locally could be shared from other countries, like pre-harvest intervals. Information on the nature, concentration and fate of residues of the pesticide in foods and feeling stuffs, and proposed use directions should be included.
11 Ecotoxicological properties include toxicological test results and environmental fate analysis of pesticides to be imported. in general such data can be transportable.

**अनुसूची २**

| |
|---|
| रु. १० को<br>हुलाक<br>टिकट |

**नेपाल सरकार**

**कृषि विकास मन्त्रालय**

# विषादी समिति

## विषादी खुद्रा विक्रेता इजाजत पत्रको लागि आवेदन पत्र

(विषादी बिक्री गर्ने पसल वा कम्पनीका मालिक र म्यानेजरले भर्नुपर्ने र
सम्बन्धी विषादी निरीक्षकको कार्यालयमा पठाउनु पर्ने)

विषादी निरीक्षकको नाम:....................................................... फोन नं................

१. कम्पनीको नाम : ......................................................................................
ठेगाना : ..................................................................................................
फोन नं. :.................................................................................................

२. परीक्षार्थीको नाम :......................................................................................
ठेगाना :..................................................................................................
कम्पनीमा निजको स्थान :.................................................................................

३. पसल (हरु) को ठेगाना :..................................................................................
(माथिको भन्दा फरक भएमा)

४. विषादी भण्डार वा ......................................................................................
गोदाम (हरु) को ठेगाना

५. हस्ताक्षर : ...................................................... मिति : ................

---

**कार्यालय प्रयोगको लागि :**

प्राप्त मिति : ...................................................................................................

समितिलाइ परामर्श दिएको मिति :..........................................................................

निर्णय :.........................................................................................................

**अनुसूची ३**

नेपाल सरकार

कृषि विकास मन्त्रालय

# विषादी समिति

रु. १० को हुलाक टिकट

## विषादी छर्कने व्यवसायीको इजाजतपत्रका लागि आवेदन पत्र

मिति : ..................

**श्रीमान् विषादी रजिष्ट्रारज्यू**
**विषादी पञ्जिकरण तथा व्यबस्थापन शाखा,**
**हरिहरभवन, ललितपुर ।**

देहायको विवरण खोली विषादी छर्कने व्यवसायीको इजाजतपत्रका लागि यो निवेदन पेश गर्दछु । जीवनाशक विषादी ऐन, २०४८ र जीवनाशक विषादी नियमावली, २०५० (२०६४ संशोधन) को परिधिमा रही काम गर्ने व्यहोरा पनि अनुरोध गर्दछु ।

निवेदक
नाम :
सही :
पद :

१. **विषादी छर्कने व्यवसायी/कम्पनीको नाम र ठेगाना :**

नाम : .................................. गा.वि.स./न.पा. : ............... वार्ड नं. : .....
जिल्ला : ................................ टेलिफोन नं. : ....................
फ्याक्स : ................................ इमेल : ..............................

२. **आवेदन साथ संलग्न कागजातहरु :**

१. नेपाल सरकारको सम्बन्धित निकायमा कम्पनी दर्ता भएको प्रमाणपत्र ।
२. मू.अ.कर/आयकर दर्ता प्रमाणपत्र ।
३. कम्पनीको विवरण (Company Profiles)
४. अनुभव : - विषादी प्रयोग गर्ने दक्ष जनशक्ति विरण (तालिम समेत)
- व्यवसायिक कामको अनुभव
- विषादी सम्बन्धी ज्ञान
- साक्षर जनशक्ति

अनुसूची ४

रु. १० को हुलाक टिकट

नेपाल सरकार

कृषि विकास मन्त्रालय

# विषादी समिति

## विषादी संश्लेषण गर्ने इजाजतपत्रका लागि आवेदन पत्र

मिति :

श्रीमान् विषादी रजिष्ट्रारज्यू
विषादी पञ्जिकरण तथा ब्यबस्थापन शाखा,
हरिहरभवन, ललितपुर ।

देहायको विवरण खोली विषादी संश्लेषण गर्ने इजाजतपत्रका लागि यो निवेदन पेश गर्दछु । जीवनाशक विषादी ऐन, २०४८ र जीवनाशक विषादी नियमावली, २०५० (२०६४ संशोधन) को परिधिमा रही काम गर्ने व्यहोरा पनि अनुरोध गर्दछु ।

निवेदक
नाम :
सही :
पद :

१. **विषादी संश्लेषण गर्ने कम्पनीको नाम र ठेगाना :**

नाम : .................................. गा.वि.स./न.पा. : ............... वार्ड नं. : .....
जिल्ला : ................................ टेलिफोन नं. : ...................
फ्याक्स : ................................ इमेल : ..............................

२. **आवेदन साथ संलग्न कागजातहरु :**

१. नेपाल सरकारको सम्बन्धित निकायमा कम्पनी दर्ता भएको प्रमाणपत्र ।
२. मू.अ.कर/आयकर दर्ता प्रमाणपत्र ।
३. कम्पनीको विवरण (Company Profiles)
४. दक्ष जनशक्ति विवरण (तालिम समेत) ।
५. अन्य ।